# घरमा हुने प्रसूति शून्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

## प्रस्तावना

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई आधारभूत मौलिक अधिकारको रुपमा उल्लेख गरेको नागरिकले आधारभूत स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकारलाई नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको छ। नेपाल सरकारले आ.व. २०६५/६६ देखि उच्च रहेको नवजात शिशु तथा मातृ मृत्युदर घटाउनको लागि निशुल्क प्रसूति सेवा उपलब्ध गराउँदै आएको छ। " समृद्ध नेपाल, सुखी नेपाली " को दीर्घकालिक सोच हासिल गर्न जीवनको सुरुवातको विन्दु अर्थात मात[ तथा शिशु स्याहारलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू निर्माण गर्न अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौलो हजार दिनका महिलाका लागि लगानी गर्न अत्यन्तै जरुरी भएको हुँदा नेपालको संविधान बमोजिम आधारभूत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि "मकवानपुरगढीको समृद्धिको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार" भन्ने मकवानपुरगढी गाउँपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न मकवानपुरगढी गाउँपालिका स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ को परिच्छेद ७ दफा ३९ बमोजिम मकवानपुरगढी गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२ ज्येष्ठ ८ गतेको बैठकको निर्णयानुसार "घरमा हुने प्रसूति शून्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" पारित गरि लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम "घरमा हुने प्रसूति शून्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" रहेको छ।

२) यो कार्यविधि आ.व. २०८१/८२ को श्रावण १ बाट मकवानपुरगढी गाउँपालिकाको ८ वटै वडाहरूमा लागू भएको मानिनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(१) "घरमा हुने प्रसुति शून्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ " भन्नाले मकवानपुरगढी गाउँपालिकाले महिला र बालबालिकाको स्वास्थ्यमा सुधार ल्याई यस गाउँपालिकामा घरमा हुने प्रसुति शून्य बनाई मातृ तथा नवशिशु स्वास्थ्य राम्रो बनाउनका लागि ल्याएको विशेष स्वास्थ्य कार्यक्रम भनी बुझ्नु पर्दछ ।

(२) "लक्षित वर्ग" भन्नाले गर्भवती भए देखि सुत्केरी भएको ४२ दिन भित्रको आमा र वच्चालाई सम्झनु पर्ने छ । मकवानपुरगढी गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ ।

(३) "घरमा हुने प्रसूति शून्य कार्यक्रम कार्यान्वयन " भन्नाले मकवानपुरगढी गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्दै आएका सुत्केरी भएका महिलालाई उत्प्रेरणा साथै आमा र बच्चाको स्वास्थ्य र पोषण सुधार गर्नका लागि मकवानपुरगढी गाउँपालिकाको स्वास्थ्य कार्यक्रम हो ।

(४) "गाउँपालिका " भन्नाले मकवानपुरगढी गाउँपालिका सम्झनु पर्नेछ ।

(५) "प्रोटोकल" भन्नाले नेपाल सरकारबाट जारी आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ (संशोधन सहित ) बमोजिम गर्भवती आमा र बच्चाको स्वास्थ्य रक्षा एवं सम्वर्द्धन गर्न तोकिए बमोजिमको समयमा तोकिए बमोजिमका स्वास्थ्य सेवा उपभोग गरेको कार्यलाई सम्झनु पर्छ ।

(५) "अध्यक्ष" भन्नाले मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(७) "उपाध्यक्ष" भन्नाले मकवानपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(९) "स्वास्थ्य शाखा" भन्नाले मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखालाई सम्झनु पर्छ।

(१०) "स्वास्थ्य संस्था " भन्नाले मकवानपुरगढी गाउँपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ, आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सम्झनु पर्छ।

(११) "नर्सिङ कर्मचारी" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्थायी र सेवा करारमा रहेका नर्सिङ परिषदमा दर्ता भएका स्टाफ नर्स, सि.अ.न.मी./अ.न.मी. लाई सम्झनु पर्छ ।

(१२) "जनशक्ति" भन्नाले स्वास्थ्य संस्थामा नियमानुसार नियुक्ति भै कार्यरत देहाय बमोजिमका स्वास्थ्य कर्मीहरुलाई जनाउने छ । (विशेषज्ञ चिकित्सक, चिकित्सक, जनस्वास्थ्य निरिक्षक, सि.अ.हे.व. अधिकृत, हे.अ., स्टाफ नर्स, सि.अ.न.मि. निरीक्षक, सि.अ.न.मि.,अ.न.मि., अन्य प्यारामेडिक्स र जनस्वास्थ्य कर्मी , प्रयोगशाला कर्मी, रेडियो ग्राफर आदिलाई सम्झनु पर्छ।

(१३) "गर्भवती महिला" भन्नाले स्त्री जातिको पाठेघर वा गर्भाशयमा एक वा एक भन्दा बढी सन्तान भ्रूणको रुपमा रहेको अवस्थालाई बुझ्नु पर्छ सामान्यतया यो अवस्था नौ महिना सात दिन वा चालीस हप्तासम्म रहन सक्छ।

(१४) "प्रसूति " भन्नाले स्त्री जातिले पाठेघर वा गर्भाशयमा रहेको भ्रूण समय पुगेर सामान्य अवस्थामा वा जटिल अवस्थामा कृत्रिम तरिकाले गर्भासयबाट (जीवित वा मृत शिशु) बाहिर निस्कनु वा बाहिर निक्लेको अवस्थालाई जनाउँनेछ तर २८ हप्ता भन्दा अघिको बच्चा खेर जानु वा निकाल्नुलाई प्रसूति अवस्था भनिने छैन ।

(१५) "सुत्केरी अवस्था" भन्नाले बच्चा जन्मेको समयदेखि ४२ दिन सम्मको अवधिलाई सुत्केरी अवस्था सम्झनु पर्छ।

(१६) "सुत्केरी पछिको भेट" भन्नाले प्रसूति भएको पहिलो २४ घण्टामा, दोस्रो ७२ घण्टा वा ३ दिनभित्र, तेस्रो ७ देखि १४ दिन भित्र र चौथो ४२ दिनमा स्वास्थ्यकर्मीहरुद्वारा प्रसूति भएको महिलालाई भेट गरेको सम्झनु पर्छ ।

(१७) "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका " भन्नाले समुदायका आमा समुहले छनौट गरी स्वास्थ्य संस्थाको सिफारिसमा परिवार कल्याण महाशाखामा सूचिकृत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका लाई सम्झनुपर्छ।

(१८) "प्रोत्साहन रकम " भन्नाले मकवानपुरगढी गाउँपालिकाले गर्भ जाँच, वर्थिंग सेन्टरमा सूरक्षित प्रसूति सेवा लिए वापत आमालाई सूचकहरु पुरा भएकालाई उपलब्ध गराउने रकम साथै बर्थिङ सेन्टरमा कार्य गर्ने नर्सिङ्ग र कार्यालय सहयोगीलाई उपलब्ध गराउने प्रोत्साहन रकम समेतलाई जनाउँछ।

(१९) "यातायात खर्च" भन्नाले यस मकवानपुरगढी गाउँपालिकाको भौगोलिक रुपमा कठिन भएका बस्तीबाट स्वास्थ्य संस्थामा प्रसूति हुन आए वापत यातायात वा मान्छेबाट डोको /स्ट्रेचर आदिमा लिएर आए वापत सुत्केरी महिलालाई आर्थिक भर नपरोस भनेर दिईने गरि प्रत्येक आ.व. को स्वास्थ्य कार्यक्रममा तोकेको रकम सम्झनुपर्छ।

(२०) "संचार खर्च" भन्नाले स्वास्थ्य संस्थाको मातृ शिशु स्वास्थ्य कार्यक्रम हेर्ने सम्पर्क व्यक्तिलाई दिईने गर्भवती महिलाहरुलाई गर्भ जाँच तथा सुत्केरी पछिको अवस्था सम्बन्धी आवश्यक सूचना र स्वास्थ्य सल्लाह SMS/ फोन मार्फत जानकारी दिए वापत दिइने प्रत्येक स्वास्थ्य संस्थाको फोकल पर्सनलाई दिइने मासिक संचार खर्चलाई सम्झनुपर्छ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद- २
## कार्यान्वयन कार्यविधि

(१) घरमा हुने प्रसूति शून्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ चालु आ.व. को श्रावण १ गतेबाट लागू भएको मानिनेछ।

(२) घरमा हुने प्रसूति शून्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ बमोजिमको सुविधा मकवानपुरगढी गाउँपालिकाको १ देखि ८ वडामा एकै साथ लागू हुनेछ ।

(३) "प्रोत्साहन रकम" प्राप्त गर्ने प्रत्येक गर्भवती आमाले प्रोटोकल अनुसार गर्भवती जाँच र उत्तर प्रसूति जाँच पुगेमा मात्र यो रकम उपलब्ध गराईने छ । नियम पुरा नभएमा गाउँपालिका रकम उपलब्ध गराउन बाध्य हुने छैन ।

(४) "प्रोत्साहन रकम" मकवानपुरगढी गाउँपालिकाको वडा कार्यालयको सिफारिसमा वडामा रहेको स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने छ । सो रकम प्राप्त गर्नको लागि अनुसूची १ बमोजिमको निवेदन र सो मा उल्लेखित आवश्यक कागजपत्र आफ्नो वडाको स्वास्थ्य संस्थामा पेश भए अनुसार देहाय बमोजिमको रकम उपलब्ध गराईने छ ।

(क) गराउँदा गर्भ जाँच, वर्थिंग सेन्टरमा सुरक्षित प्रसूति सेवा लिए वापत अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित कागजपत्र अनुसार सबै सूचकहरु पुरा भएका आमालाई रु.२२००/- उपलब्ध गराईने छ ।

(ख) ४(क) बमोजिमको आंशिक सूचक मात्र पुरा भएकालाई रु.१५००/- उपलब्ध गराइनेछ।

(५) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले प्रसूति गराउन यस गाउँपालिका भित्रका बर्थिङ्ग सेन्टरमा लिएर स्वयं उपस्थित भएमा प्रति प्रसूति रु.२००/-रकम यातायात खर्च स्वरुप उपलब्ध गराइनेछ।

(६) वडा कार्यालयबाट प्रमाणित हाजिरी र रात्रीकालिन ड्युटिमा खटिएको स्वास्थ्य संस्थाले बनाएको साप्ताहिक/पाक्षिक/मासिक ड्युटि रोष्टर बमोजिम बर्थिङ्ग सेन्टरमा कार्यरत १ जना नर्सिङ्ग कर्मचारीले २४ घण्टे प्रसूति सेवाको लागि खटिए वापत प्रसूति भएको खाजा खर्च स्वरुप प्रसूति भएको मितिभन्दा ५ दिन अगाडि र ५ दिन पछाडिसम्मका लागि प्रति रात रु.२००/- सम्वन्धित व्यक्तिको बैंक खातामा उपलब्ध गराइने छ।

(७) कार्यालय सहयोगीलाई २४ घण्टे प्रसूति सेवाको लागि खटिए वापत प्रसूति भएको खाजा खर्च स्वरुप प्रसूति भएको मितिभन्दा ५ दिन अगाडि र ५ दिन पछाडिसम्मका लागि प्रति रात खाजा खर्च वापत रु.१००/-रकम गाउँपालिका कार्यालयबाट सम्वन्धित व्यक्तिको बैंक खातामा उपलब्ध गराइने छ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

(८) प्रसूति सेवा स्वास्थ्य संस्था लिंदा बच्चा पहिलै पेट भित्र मरेको वा जन्मिसकेपछि मरेमा उक्त बच्चाको जन्मदर्ता र खोप लगाएको कार्ड नभएपनि "प्रोत्साहन रकम" उपलब्ध गराउनबाट बञ्चित गरिने छैन ।

(९) निजामति या सरकारी कर्मचारीको सवालमा नेपाल सरकार साथै तोकिएका संगठित संस्थाले नै विशेष भत्ता वा सेवा सुविधाका व्यवस्था गरेको हुनाले दोहोरो सुविधा लिन नपाइने नियमानुसार यो सुविधा प्राप्त गर्न सकिने छैन ।

(१०) रकम सम्बन्धी व्यवस्था: यस कार्यविधीमा उल्लेखित क्रियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने रकम स्वास्थ्य शाखाबाट लागत अनुमान तयार गरि गाउँसभाबाट पारित गरिने प्रत्येक आ.व.को वार्षिक बजेट तथा कार्यक्रम विनियोजन गरिनेछ।

(११) अनुगमन तथा मूल्यांकन: यो कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्न गाउँपालिका अध्यक्ष, उपाध्याक्ष, सामाजिक विकास समिति संयोजक, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखाले आवश्यक्ता अनुसार गर्नेछ।

## परिच्छेद- ३
## विविध

(१) बाधा अड्काउ फुकाउने व्यवस्था: यस कार्यक्रम कार्यान्वयन सम्बन्धी कुनै बाधा दुविधा परेमा सोको व्याख्या गर्ने, बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

(२) संसोधन सम्बन्धी व्यवस्था: यस कार्यविधीमा केही संसोधन गर्ने पर्ने देखिएमा संसोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

(३) प्रचालित कानुन बमोजिम: यस कार्यविधीमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) विविध: यस कार्यविधिमा थप प्रष्ट पार्नुपर्ने अवस्थामा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुरगढी, मकवानपुर
बागमती प्रदेश, नेपाल

लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-१

## प्रसूति प्रोत्साहन रकम भुक्तानी पाउँ भनि सेवाग्राहीले पेश गर्ने निवेदन

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत/स्वास्थ्य शाखा प्रमुखज्यु,
गाउँ कार्यपालिकाको कार्यालय,
मकवानपुरगढी गाउँपालिका, मकाञ्चुली,मकवानपुर

**विषयः प्रसूति प्रोत्साहन रकम भुक्तानी पाउँ भन्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा म/मेरो देहाय बमोजिमको विवरण भएकोले नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,परिवार कल्याण महाशाखाबाट जारी आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८(संशोधन सहित) को अनुसुची २ बमोजिमको यातायात खर्च तथा उत्प्रेरणा रकमका अतिरिक्त मकवानपुरगढी गाउँपालिका, मकवानपुरको घरमा हुने प्रसूति शून्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को परिच्छेद २ को बुँदा नं. ४ बमोजिमको रकम पाउनका लागि चालु आ.व.२०....../...... को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम गाउँपालिका क्षेत्र भित्र नियमित बसोबास गरी स्वास्थ्य संस्थामा प्रटोकल बमोजिम गर्भ जाँच र सुरक्षित प्रसूति सेवा लिए बापत प्रोत्साहन स्वरुप रु.२२००/-(दुई हजार दुई सय) सम्म रकम उपलब्ध गराउने कार्यक्रम बमोजिम सो सुबिधा पाउनका लागि आवश्यक शर्तहरु पुरा भएकोले तपसिल बमोजिमका कागजातहरु यसै निवेदनसाथ संलग्न गरी नियमानुसार भुक्तानि पाउँ भनि यो निवेदन पेश गरेको छु।

**तपसिलः**

**सेवा तथा बसोबास सम्बन्धि विवरणः**

क) सेवाग्राहीको नाम/थरः उमेरः सम्पर्क नं :

ख) ठेगानाः गा.पा./न.पा.: वडा नं.: टोलः

ग) यो गर्भसम्म गर्भवती भएको पटकः हाल सम्मका जीवित बच्चा सङ्ख्याः

घ) पतिको नाम थरः उमेरः पेशाः सम्पर्क नः

ङ) गर्भवती जाँच गराएको स्वास्थ्य संस्थाको नामः ठेगानाः

च) गर्भवती जाँच गराएको जम्मा पटक (प्रोटोकल अनुसार मातृ तथा नवशिशु स्वास्थ्य कार्डमा ANC Visit पूर्ण रुपमा भरिएको हुनुपर्ने) :

छ) प्रसूति जाँच गराएको जम्मा पटक (प्रोटोकल अनुसार मातृ तथा नवशिशु स्वास्थ्य कार्डमा PNC Visit पूर्ण रुपमा भरिएको हुनुपर्ने) :

ज) आफ्नो क्षेत्रको सा.म.स्वा.स्व.से.नामः ठेगानाः

झ) यस गाउँपालिका भन्दा बाहिरका स्वास्थ्य संस्थामा सेवा लिन जानु परेको भए कारणः

ञ) सेवा लिन गएको स्वास्थ्य सस्थाको नामः ठेगानाः

ट) यो सुविधा बारेमा कसरी थाहा पाउनु भयोः

ठ) यस गाउँपालिका अन्तर्गत लिनु भएको स्वास्थ्य सेवा कस्तो लाग्यो!..........................................................

ड) आमा तथा नवजात शिशु सेवालाई अझ राम्रो बनाउन केहि सुझाव छ कि ? ....................................

**संलग्न हुनुपर्ने कागजातहरु :**

१) सेवाग्राहिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान १
२) सेवाग्राही भन्दा अरु आफन्त भुक्तानीको लागि आएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान १
३) विवाह दर्ताको प्रतिलिपि थान १
४) बच्चाको जन्म दर्ताको प्रतिलिपि थान १
५) स्वास्थ्य संस्थाबाट दिएको जन्म प्रमाणपत्रको प्रतिलिपि थान १
६) प्रसूति सेवा लिएको स्वास्थ्य संस्थाको डिस्चार्ज पत्रको प्रतिलिपि थान १
७) मातृ तथा नवशिशु स्वास्थ्य कार्डको प्रतिलिपि थान १

भुक्तानी पाउँ भनि निवेदन दिनेको नाम :
सेवाग्राही संगको नाता (निवेदक सेवाग्राही बाहेक अन्य भएमा) :
दस्तखत :
सम्पर्क नं. :

प्रमुख प्रशासकीय अधिकृत